जि.प्र.का.पर्वत दर्ता नं. ३०५/२०५३/२०५४

स.क.प.आ. नं. ३०५/२०५५

# समाज कल्याण श्रोत विकास केन्द्र

## सोडेक-नेपाल

फलेवास नगरपालिका वडा नं. ८ ठानामौला, अर्चले पर्वत

# विधान-२०५३

## पाँचौं शंसोधन - २०७६

# SORDEC-Nepal

## Social Welfare Resource Development Centre

Phalewash Municipality-8, Thanamaula, Archale Parbat

# समाज कल्याण श्रोत विकास केन्द्र

(सोडेक-नेपाल)

**Social Welfare Resource Development Center**
**(SORDEC-Nepal)**

**फलेवास नगरपालिका-८, ठानामौला, अर्चले पर्वत**

## विधान - २०५३

पहिलो संसोधित विधान - २०५९
दोश्रो संसोधित विधान - २०६१
तेश्रो संशोधित विधान - २०६६
चौथो संशोधित विधान - २०७३
पाँचौं संशोधित विधान - २०७६

**प्रस्तावना :-**

नेपालको समग्र विकासका लागि समाजमा रहेको स्थानीय श्रोत र साधनलाई अधिकतम प्रयोग गर्दै मानव अधिकार, सुशासन, सामाजिक न्याय, जातिय तथा लैंगिक समानता, सांस्कृतिक विकास, गुणस्तरीय शिक्षा र पहुँच, मानवीय विकास, आर्थिक विकास, वातावरणीय संरक्षण, जनस्वास्थ्य, जलवायु अनुकुलन, विपत व्यवस्थापन र न्युनिकरण, सामाजिक सुधार गर्न, लोकतान्त्रिक पद्धतीको सुदृढीकरणको लागि सुशासन, समावेशीकरण र समानुपातीक विकासको मुल प्रवाहिकरणमा जोड दिन, संघिय, प्रादेशिक र स्थानीय सरकारका प्रचलित ऐन, कानून, निति तथा कार्यविधिको कार्यन्वयन गर्दै, नेपालको संविधानमा उल्लेखित मौलिक हक अधिकारहरुको कार्यान्यवन गर्न, समाज कल्याणका लागि सामुदायिक विकासका कार्यक्रम सञ्चालन गर्न, जनहित, परोपकारी, सामाजिक संस्थाको रुपमा समाज कल्याण युवा क्लव २०५३ साल जेष्ठ ८ गते गठन भै २०५९/४/१९ गते नाम संशोधन भएको समाज कल्याण श्रोत विकास केन्द्र (सोडेक-नेपाल) नामक संस्था सञ्चालनका लागि नेपालको शासकीय स्वरुप अनुसार विधान संशोधनको आवश्यकता परेकोले यो संशोधित विधान जारी गरिएको छ ।

## परिच्छेद १

**१. नाम, प्रारम्भ र ठेगाना :-**

**क) नाम** :- यो संस्थाको नाम समाज कल्याण श्रोत विकास केन्द्र

अंग्रेजीमा: **(Social Welfare Resource Development Center, (SORDEC-Nepal)** रहने छ ।

ख) **प्रारम्भ** : यस संस्थाको विधान साधारण सभाबाट संसोधन भई स्थानीय अधिकारीबाट स्वीकृत भएको मिति देखी कार्यान्वयन हुनेछ ।

ग) **ठेगाना** :-

संस्थाको केन्द्रिय कार्यालय गण्डकी प्रदेश पर्वत जिल्ला फलेवास नगरपालिका वडा नं. ८, ठानामौला अर्चलेमा रहने छ । कार्यक्रम कार्यान्वयन, शाखा तथा सम्पर्क कार्यालय संस्थाको निर्णय अनुसार कार्यक्रम सञ्चालन भएको प्रदेश, जिल्ला तथा स्थानीय तहमा राख्न सकिने छ ।

घ) **प्रकार** :

यो संस्था गैरनाफामूलक, मुनाफा रहित, स्वयंम सेवी सामाजिक विकास संस्थाको रुपमा कार्यरत रहनेछ ।

ङ) **कार्यक्षेत्र** :

यस संस्थाको भौगोलिक कार्यक्षेत्र नेपाल अधिराज्य भित्रका सवै प्रदेश, जिल्ला, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्न सकिने छ । संस्था दर्ता भएको जिल्ला वाहेक अन्य प्रदेश र जिल्लामा कार्यक्रम विस्तार गर्दा नेपालको कानून अनुसार प्रक्रिया पुरा गर्नु पर्ने छ ।

च) **संस्थाको अस्तित्व** :

यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, गैरनाफामूलक, गैरराजनीतिक, गैरजातिय, गैरधार्मिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । संस्थाका उद्देश्य अनुसार जनहितलाई ध्यानमा दिई संस्थावाट संस्थागत श्रोत वृद्धि, गर्ने तथा सामाजिक विकास कोष खडा गर्ने र सो वाट सामाजिक परिचालन तथा आयआर्जन कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

२. **परिभाषा** :-

विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यो विधानमा

क) "संस्था" भन्नाले यस विधानको उद्देश्य अनुसार गठन भएको समाज कल्याण श्रोत विकास केन्द्र सम्झनु पर्छ । यो स्वतन्त्र गैरसरकारी संस्थाको रुपमा रहने

छ । कुनै पनि राजनैतिक विचारबाट अभिप्रेरित नभई सामाजिक, सांस्कृतिक, परोपकारी र मुनाफा रहित संस्था हुनेछ ।

ग) "पदाधिकारी" भन्नाले यस संस्थाका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र निवर्तमान अध्यक्षलाई जनाउने छ ।

घ) "सदस्य" भन्नाले यस संस्थाका मानार्थ, संस्थापक, आजीवन, साधारण र सहसदस्यलाई जनाउने छ ।

ङ) "कार्यकारी सदस्य" भन्नाले यस संस्थाका कार्य समितिका सदस्यलाई जनाउने छ ।

च) "कार्यकारी निर्देशक" भन्नाले यस संस्थाद्वारा नियुक्त कार्यकारी निर्देशकलाई जनाउने छ ।

छ) "कार्यक्रम व्यवस्थापक" भन्नाले यस संस्थाद्वारा छनौट गरिएका कार्यक्रम व्यवस्थापकलाई जनाउने छ ।

ज) "सचिवालय समिति" भन्नाले संस्थाका पदाधिकारीहरुको बैठकलाई जनाउने छ ।

झ) "कार्यक्रम व्यवस्थापन समिति" भन्नाले संस्थाद्वारा सञ्चालित परियोजना आयोजना तथा कार्यक्रमहरुको व्यवस्थापन गर्ने समितिलाई जनाउने छ ।

ञ) "सरकार" भन्नाले संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारलाई जनाउने छ ।

ट) "स्थानीय अधिकारी" भन्नाले सरकारद्वारा संस्था दर्ता तथा नविकरणका लागि तोकिएको अधिकारीलाई जनाउने छ ।

ठ) "स्वावलम्वन कोष" भन्नाले यस संस्थाद्वारा संस्थाको संस्थागत विकास, सदस्यहरुको क्षमता विकासका लागि खडा गरिएको कोषलाई जनाउने छ ।

ड) "कल्याण कोष" भन्नाले यस संस्थाद्वारा संस्थाका कर्मचारी, स्वयंसेवकहरुको वृद्धि विकास र पारिश्रमिक सञ्चय गरी सेवा निवृत्त हुंदा उपलब्ध गराउने गरी खडा गरिएको कोषलाई जनाउने छ ।

ढ) "साधारण सभा" भन्नाले यस संस्थाका मानार्थ, संस्थापक, आजीवन, साधारण सदस्यहरुको भेलालाई सम्झनु पर्दछ ।

ण) "अधिवेशन" भन्नाले यस संस्थाको कार्य समितिको निर्वाचनका लागि आयोजना गरिएको भेला तथा कार्यक्रमलाई जनाउने छ ।

३. **संस्थाको छाप :-**

संस्थाको छुट्टै छाप हुनेछ, जसमा सहभागिता, सचेतिकरण, सहकारिता, संगठन, साझेदारी, समावेशी, सञ्जालिकरण, शसक्तिकरण, समानता, समन्याय, सुशासन, स्वावलम्वन र समृद्धि अंकित १३ वटा हातहरु एक आपसमा जोडीएको वृताकार भित्र समाज कल्याण श्रोत विकास केन्द्र, विचमा प्रकृती, प्राणी र प्रगतीलाई सांकेतिक रुपमा देखाइएका ३ वटा रिङ्ग हुनेछन । तल संस्थाको स्थापना वर्ष २०५३ लेखिएको (अनुसूचि ३) हुनेछ । तल स्ट्याण्डमा सोडेक-नेपाल लेखिएको हुनेछ । संस्थाको छाप नेपाली र अंग्रेजीमा समेत वनाउन सकिने छ । छाप अनुसारको संस्थाको लोगो हुनेछ ।

## परिच्छेद २

४. **संस्थाको उद्देश्य :**

क) स्वावलम्वन प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने । स्वावलम्वन कोष स्थापना तथा परिचालन द्वारा गरिवी न्यूनिकरणमा टेवा पुऱ्याउने ।

ख) सामाजिक, सांस्कृतिक, शैक्षिक एवं वातावरणीय विषयमा चेतना बिस्तार ।

ग) समानुपातिक एवं दिगो विकासका लागी पिछडिएका बर्गको हित अनुकुलका क्रियाकलाप सञ्चालन गर्ने ।

घ) यो संस्था मुनाफा रहित (गैरनाफामूलक), जनहितकारी, परोपकारी सामाजिक संस्था हुनेछ ।

ङ) असाहय, अपांगता तथा बिपद व्यवस्थापन र न्युनिकरण सामाजिक विकृति र विसंगतिलाई हटाई सामाजिक क्षेत्रको विकास गर्ने ।

च) संस्था परिवारविच आपसी सहयोग, सद्भाव र सद्व्यवहारको क्षेत्रलाई विस्तार तथा मानव संसाधन विकास गर्ने ।

छ) बाल क्लव गठन शसक्तिकरण, बालमैत्रि क्रियाकलाप सञ्चालन र बाल अधिकार प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

ज) नेपालको सम्रग विकासका लागि मौलिक हकको कार्यान्वयन, मानव अधिकार, सुशासन, सामाजिक न्याय, जातिय तथा लैंगिक समानता, उपलव्ध प्राकृतिक

श्रोत साधन, जैविक बिबिधताको समुचित व्यवस्थापन गर्दै नेपाल भित्रका विकासका प्रयासहरुलाई जनमूखि, जनउत्तरदायी, पारदर्शी, जवाफदेहि र न्यायपूर्ण विकासको बितरणका लागि खोज, अध्ययन, अनुसन्धान र विकासमा सहयोग पुऱ्याउने ।

झ) लोकतान्त्रिक पद्धतीको सुदृढीकरणको लागि सुशासन, समावेशीकरण र समानुपातीक सहभागिताको सुनिश्चितताका लागि सार्थक पहल गर्ने, दिगो विकास लक्ष्यको स्थानीयकरण र कार्यन्वयन गर्ने, सकरात्मक सामाजिक परिवर्तनका लागि स्थानीय, प्रादेशिक र संघिय एवं अन्तराष्ट्रिय सञ्जालहरुमा आवद्ध भै विभिन्न अभियानमा टेवा पूऱ्याउने ।

ञ) सामाजिक सशक्तिकरणको माध्यमद्धारा विपन्न नागरिकहरुको जीविकोपार्जनमा टेवा पुऱ्याई गरिवी निवारणको राष्ट्रिय अभियानमा राज्यलाई सहयोग पुऱ्याउने ।

ट) गुणस्तरीय शिक्षा, आधारभुत स्वास्थ्य, स्वच्छ पिउने पानी, सरसफाई र आनिबानी परिवर्तन जस्ता विषयमा जनचेतना तथा पछाडि पारिएको वर्गको पहुँच वृद्धि गर्न सहयोग गर्ने ।

ठ) सहकारी संस्था प्रवर्द्धन, व्यवस्थापन, सञ्चालन र लघु उद्यम प्रवर्द्धनद्धारा गरिवी न्युनिकरण र सामाजिक शसक्तिकरणमा टेवा पूऱ्याउने ।

ड) जनतामा सूचना प्रवाह गरी संघिय, प्रादेशिक र स्थानीय सरकार, विभिन्न दातृ संस्था, विषयगत कार्यालय, संघसंस्थावाट प्रवाह हुने सेवा सुविधाको सुचना सम्प्रेषण गरी नागरिकहरुलाई सचेतीकरण र आत्ममहशुसीकरण एवं नागरीक कर्तब्य बोध गराउन सहयोग पुऱ्याउने ।

ढ) दलित, महिला, आदिवासी, जनजाती, अल्पसंख्यक, मधेसी, मुस्लिम अपाङ्गता भएका व्यक्तिको सामाजीक न्यायको लागि वकालत, क्षमता विकासका लागि संघिय, प्रादेशिक, स्थानीय सरकार र समान उद्देश्य भएका स्थानीय, राष्ट्रिय एवं अन्तराष्ट्रिय संघ संस्थाहरु सँग साझेदारी, समन्वय, सहकार्य र सञ्जालिकरण गर्ने ।

## परिच्छेद ३

**५. सदस्यको योग्यता :**

क) नेपाली नागरिक हुनुपर्छ ।

ख) १८ वर्ष उमेर पुरा भएको हुनुपर्दछ ।

ग) यस विधानलाई स्वीकार गरेको हुनुपर्छ ।

घ) फौजदारी अभियोगमा सजाय नपाएका र कुनै कानुनद्वारा अयोग्य नठहरिएको हुनुपर्दछ ।

ङ) मगज नविग्रेको हुनुपर्दछ ।

च) सहसदस्यको हकमा १५ वर्ष उमेर पुरा भएकोलाई प्रदान गर्न सहिने छ ।

**६. सदस्यको प्रकार :-**

क) मानार्थ सदस्य

ख) संस्थापक सदस्य

ग) आजीवन सदस्य

घ) कार्यकारी सदस्य (कार्य समिति सदस्य)

ङ) साधारण सदस्य

च) सह सदस्य

संस्था स्थापना गर्ने सवै सदस्यहरु र संस्था दर्ता गर्दा कार्य समितिमा रहेका पदाधिकारी र कार्य समिति सदस्यहरु संस्थापक सदस्य हुनेछन । संस्थापक सदस्यले साधारण सदस्यता नविकरण गर्नु पर्ने छैन ।

संस्थापक सदस्य कार्य समितिमा उमेदवारका लागि निरन्तर २ वर्ष साधारण सभा र सदस्यहरुको भेलामा सहभागी भई क्रियाशिल भएको हुनु पर्नेछ । संस्थापक सदस्यहरुलाई अभिलेख राखिने छ तर उपस्थित नभए सम्म साधारण सभा तथा अधिवेशनमा नाम राखि गणपुरक सदस्यको रुपमा गणना हुनेछैन ।

**७. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-**

क) आजीवन सदस्य शुल्क रु.६०००।-

ख) साधारण सदस्यता शुल्क रु.६००।-

ग) साधारण सदस्यता नविकरण शुल्क रु.१००।-

घ) सहसदस्यता शुल्क रु.५० (सह सदस्यता नविकरण गर्नु पर्ने छैन)

साधारण सदस्यको बार्षिक नविकरण शुल्क रु.१००।- रहने छ । सदस्यता नविकरण तोकिएको मिति भित्र गरि सक्नु पर्ने छ । समयमा नविकरण नगराएमा मासिक रु ५।- का दरले हर्जना लिई २ बर्ष सम्म नविकरण गर्न सकिने छ । छुट नविकरण कार्य समितिको निर्णयले ३ बर्ष सम्म गर्न सकिने छ । उपयुक्त दफा ५ मा उल्लेखित योग्यता भएका इच्छुक व्यक्तिलाई कार्यसमितिले सदस्यता वितरण गर्ने छ ।

साधारण सदस्यता लिएको ५ वर्ष पछि संस्थामा गरेको योगदानको समिक्षा गर्दै कार्य समितिको सिफारिसमा साधारण सभाको निर्णयले आजीवन सदस्यता र संस्था तथा समाजमा उल्लेखनिय योगदान पुऱ्याउने समाज सेवीलाई कार्य समितिको सिफारिसमा साधारण सभाले मानार्थ सदस्यता दिन सकिने छ ।

विदेशमा रहेर समयमा नविकरण नगराएका सदस्यहरुको हकमा कार्य समितिको निर्णयले तोकिएको शुल्क र हर्जना तिरी ५ वर्ष सम्म नविकरण गर्न सकिने छ । (सदस्यता शुल्क तथा नविकरण शुल्क बार्षिक साधारण सभाको निर्णयवाट समय समयमा संशोधन गरी शुल्क कायम गर्न सकिने छ) ।

**८. सदस्यको अयोग्यता :-**

क) मगज विग्रेको ।

ख) परिच्छेद ३ को दफा ५ को योग्यता नभएमा ।

ग) यस विधानलाई स्वीकार नगरेमा

घ) सामाजिक विकृती फैलाउने खालको काम गरेमा ।

ङ) समाजमा नराम्रो काम गरी अपहेलित भएमा ।

## परिच्छेद ४

**९. संस्थाका सदस्यको कर्तव्य :**

क) कार्य समितिको निर्णय बमोजिम कार्य गर्ने ।

ख) नियमित रुपमा सदस्यता नविकरण गर्ने ।

ग) बैठकमा उपस्थित हुने ।

## १०. संस्थाका सदस्यको अधिकार :-

यस संस्थाका सदस्यको देहाय बमोजिम अधिकार हुने छ ।

क) साधारण सभामा भाग लिने ।

ख) कार्यसमितिको निर्णय बमोजिम संस्थाको तर्फबाट प्रतिनिधित्व गर्न पाउने ।

ग) कार्य समितिमा उम्मेदवार बन्न पाउने ।

## ११. सदस्यको समाप्ती :-

यस संस्थाको सदस्यता निम्न अवस्थामा समाप्ती हुनेछ ।

क) राजिनामा दिएमा ।

ख) यस संस्थाको विधान बमोजिमको उद्देश्य विरुद्ध कार्य गरेमा कार्य समितिको २/३ (दुई तिहाई) बहुमतले सदस्यबाट स्वत निस्काशन गर्न सक्नेछ ।

ग) मृत्यू भएमा ।

घ) कार्यकारी र साधारण सदस्यता तोकिएको समयमा नविकरण नगराएमा ।

## १२. स्पष्टीकरण :-

दफा ११ उपदफा "ख" को अवस्थामा निजले आफ्नो सफाई पेश गर्ने मौका पाउने छ । तर सफाईको निवेदन रितपूर्वक हुनुपर्नेछ ।

# परिच्छेद ५
# साधारण सभा तथा कार्य समिति

## १३. साधारण सभाको गठन विधि :-

यस विधानलाई पालना गरी सदस्यता लिएका सदस्य मात्र सम्मीलित भएको एक साधारण सभा गठन हुनेछ ।

## १४. साधारण सभा र अधिवेशन :-

साधारण सभा वर्षको कम्तिमा एक पटक र अधिवेशन तीन वर्षको एक पटक हुनेछ । आवश्यकताका आधारमा विशेष साधारण सभा र विशेष अधिवेशन हुन सक्नेछ । साधारण सभा तथा अधिवेशनको गणपुरक संख्या प्रथम पटक कम्तिमा ६० प्रतिशत सदस्यको उपस्थिती हुनु पर्ने छ ।

पहिलो पटक गणपुरक संख्या नपुगेमा दोश्रो पटक साधारण वहुमत (५१ प्रतिशत उपस्थिती) भएमा साधारण सभा तथा अधिवेशन गरिनेछ ।

आवश्यक परेमा अन्य समयमा पनि विशेष साधारण सभा र अधिवेशन वोलाउन सकिनेछ यसको लागि कार्य समितिले कारण सहितको निर्णय वा एक चौथाई सदस्यले साधारण सभा वोलाउने रित पुर्वकको निवेदन दिनु पर्ने छ यसरी प्राप्त निवेदनका आधारमा कार्य समितिले ४५ दिन भित्र साधारण सभा वोलाउनु पर्ने छ । विशेष साधारण सभाको विषय प्रवेश साधारण सभा बोलाउने कारण पेश गर्नेहरु मध्ये १ जना व्यक्तिबाट प्रस्ताव र सो को कारण प्रस्तुतीवाट हुनेछ ।

संस्थाको संस्थापक सदस्य, आजीवन सदस्य र साधारण सदस्य वाहेकका मानार्थ सदस्य, सहसदस्य, सल्लाहकार, अनुशासन समिति र कार्यक्रम व्यवस्थापन समितिका सदस्यहरु साधारण सभामा आमन्त्रित सदस्य हुनेछन । आमन्त्रित सदस्यलाई मतदानको अवसर हुनेछैन ।

**१५. साधारण सभाको काम, कर्तव्य र अधिकार :-**

क) एक वर्षे कार्यक्रम स्वीकृत गर्ने ।

ख) एक वर्षको आय व्यय बजेट स्वीकृत गर्ने ।

ग) सामाजिक प्रतिवेदन पास गर्ने ।

घ) कार्य समितिको निर्वाचन गर्ने ।

ङ) सम्पूर्ण सामाजिक कार्यको अनुमोदन गर्ने ।

च) कार्यकारी समितिलाई निर्देशन दिने ।

छ) कार्य समितिद्धारा गठित निर्वाचन समिति अनुमोदन गर्ने ।

**१६. विविध :-**

साधारण सभामा विशेष प्रस्तावको रुपमा पेश भएका विषय वस्तु उपर छलफल गरी निर्णय गर्ने र साधारण सभामा छलफल गर्न नपर्ने विषय तथा प्रस्तावलाई व्यवस्थापन गर्ने । विधान शंसोधन गर्ने र यस अर्न्तगत कार्य समितिले स्विकृत गरेका नियमावली, विनियमावलीहरुलाई अनुमोदन गर्ने, कार्य समितिले गरेका निर्णयहरु साधारण सभावाट अनुमोदन गर्ने ।

१७. **कार्य समितिको गठन :-**

संस्थापक, आजीवन तथा साधारण सदस्यहरु मध्येबाट कम्तिमा ७ जना पदाधिकारी तथा सदस्यहरु रहेको एक कार्य समिति गठन हुनेछ । जस्मा अध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, सचिव र सदस्यहरु रहने छन् । निर्वाचित कार्य समितिमा कम्तिमा ३३ प्रतिशत महिला हुनु पर्नेछ । दलित, जनजाती, अपांगता, पछाडी पारिएको क्षेत्र र वर्गको समानुपातिक प्रतिनिधित्व रहने छ ।

निवर्तमान अध्यक्ष एक कार्यकाल पदेन सदस्य र प्रतिनिधित्व हुन नसकेमा वढिमा ३ जना प्रतिनिधित्व नभएको वर्ग तथा क्षेत्रवाट कार्य समितिले मनोनित गर्न सक्ने छ ।

अध्यक्ष चयन गर्दा कम्तिमा १ कार्यकाल उपाध्यक्ष वा महासचिव वा कोषाध्यक्ष भई कार्य गरेको अनुभव हुनु पर्नेछ । उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष र सचिव चयन गर्दा २ कार्यकाल कार्य समितिको सदस्य वा विभागिय संयोजक वा सचिव वा सोडेक नेपालको सदस्य भै संस्थामा सञ्चालन भहेका कार्यक्रम, आयोजना, परियोजनाको संयोजक वा सोडेक नेपालको सदस्य भै समान प्रकृतिको अन्य सामाजिक संस्थाको समान पदमा रहि काम गरेको अनुभव हुनु पर्ने छ ।

१८. **कार्य समितिको बैठक :-**

कार्य समितिको वैठक कम्तिमा द्वयमासिक रुपमा एक पटक बस्ने छ । बैठकको गणपुरक संख्या वहुमतद्वारा वस्न सक्ने छ ।

आकस्मिक बैठक जुनसुकै समयमा पनि बस्न सक्ने छ तर बैठक वस्नु ३ घण्टा पहिला बैठकका प्रस्तावहरु सहित अध्यक्षको सल्लाहमा महासचिवले सूचना दिनु पर्ने छ । नियमित बैठकको सुचना कम्तिमा ३ दिन पहिला पदाधिकारी तथा सदस्यहरुलाई प्रमुख एजेण्डा सहित लिखित जानाकारी गराउनु पर्नेछ ।

१९. **कार्य समितिको काम कर्तव्य र अधिकार :-**

क) साधरण सभावाट स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

ख) आर्थिक प्रतिवेदन बार्षिक रुपमा प्रकाशित गर्ने ।

ग) नियम कानुन पालना गरि अनुशासित भै कार्य गर्ने ।

घ) कार्य समितिका निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गराउने ।

ङ) आवश्यक परेको खण्डमा साधारण सभाको निर्णय लिने ।

च) आवश्यक परेको बेला कार्य समितिले विधान र प्रचलित ऐन कानूनको परिधि भित्र रहि नियमावली, विनियमावली, निर्देशिका, कार्यबिधि र नियमहरु वनाई कार्यान्वयन गर्ने ।

छ) अधिवेशनको बर्ष निर्देशिका वमोजिम निर्वाचन समिति गठन गर्ने छ ।

ज) आवश्यक परेमा वढीमा ५ जना सम्मको सल्लाहकार समिति गठन र १ जना कानूनी सल्लाहकार चयन गर्न सकिनेछ ।

## २०. अन्य समिति, उपसमितिहरु र बिभागहरु :-

संघीय संरचना तथा बिकेन्द्रिकरणको मर्म अनुसार संस्थामा आवश्यकता अनुसार सल्लाहकार, सचिबालय, कार्यक्रम व्यवस्थापन, अनुशासन, आचार संहिता अनुगमन तथा मूल्यांकन, निर्वाचन समिति, संगठन तथा क्षमता अभिवृद्धि विभाग, अन्य विभागहरु, सोडेक जेष्ठ नागरिक मञ्च, सोडेक महिला समुह, सोडेक युवा क्लव, सोडेक बाल क्लव र अन्य समिति एवं उपसमितिहरु गठन गर्न सकिने छ ।

समिति, विभाग, मञ्च, समुह, क्लव तथा उपसमितिहरुको कार्यविधि तयार गरी परिचालन र व्यवस्थापन गर्न सकिने छ ।

### क) सचिवालय :

संस्थाका अध्यक्षको संयोजकत्वमा वढिमा ५ जना सम्म सदस्य रहेको सचिवालय समिति गठन हुनेछ । यस समितिले कार्य समितिको बैठकमा लैजाने प्रस्ताव र कार्य समितिको बैठक बस्नु अघि संस्थालाई क्रियाशिलता दिन महत्वपूर्ण नगरी नहुने निर्णय गर्नेछ । भएका निर्णयहरु कार्य समितिमा अनुमोदन गराउनु पर्ने छ ।

### ख) कार्यक्रम व्यवस्थापन समिति :

कार्यक्रम व्यवस्थापन समितिले संस्था भित्र सञ्चालित परियोजना र कार्यक्रमहरुको एकिकृत समितिको रुपमा कार्य गर्ने छ । संस्थाद्वारा सञ्चालित विभिन्न कार्यक्रमहरुको प्रभावकारी रुपमा सञ्चालन गर्ने वातावरण सृजना गर्ने, सम्पर्क समन्वय, अनुगमन र व्यवस्थापनको कार्य गर्ने छ ।

संस्थाको अध्यक्ष, पूर्वअध्यक्ष वा अन्य पदाधिकारी कार्यक्रम व्यवस्थापन समितिको संयोजक हुनेछ । संस्थाले कार्यकारी निर्देशक कार्यक्रम व्यवस्थापक छनौट गरी कार्यक्रम व्यवस्थापन तथा आयोजना, परियोजना सञ्चालन गर्न सक्ने छ ।

कार्यक्रम व्यवस्थापन समितिमा संस्थाका पदाधिकारी, कार्यकारी निर्देशक, कार्यक्रम व्यवस्थापक रहने छन । समितिको सदस्य-सचिव संस्थाको सूचना अधिकारी वा व्यवस्थापन समितिले तोकेको व्यक्तिले गर्ने छ ।

कार्यक्रम व्यवस्थापन समितिमा सवै विभाग र समिति, उपसमितिका संयोजक र परियोजना तथा आयोजनाका संयोजकहरु आमन्त्रित सदस्य रहने छन । समितिको वैठकमा कार्यक्रम सञ्चालन भएको कार्यक्षेत्रका सरकारका प्रतिनिधि, दातृ संस्था, सहयोगी संस्था एवं परियोजनामा कार्यरत कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिने छ ।

**२१. पदाधिकारी तथाहरुको काम, कर्तव्य र अधिकार :-**

**अ) कार्य समितिका पदाधिकारी र सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

**क) अध्यक्ष :**

☞ बैठकको अध्यक्षता गर्ने ।

☞ संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

☞ आवश्यकतानुसार बैठक वोलाउने ।

☞ निर्णय कार्यान्वयन गराउने ।

☞ मत वरावर भएमा निर्णायक मत दिने ।

☞ संस्थाको नेतृत्व गर्दै सो का लागि सँधै सक्रिय रहने ।

☞ पदाधिकारी तथा अन्य सदस्यहरुको कार्यविभाजन गरि निर्देशन दिने र राजीनामा स्वीकृत गर्ने ।

☞ समग्र संस्थाका कार्यक्रम र संस्थागत संरचनाको अनुगमन तथा मूल्यांकन गरि निर्देशन दिने ।

☞ अध्यक्षले आफुसँग भएको अधिकार पदाधिकारी, सदस्य तथा कर्मचारी तर्फको प्रमुखलाई प्रत्यायोजन गर्न सक्ने छ ।

☞ अध्यक्षले दिएको वा विधानमा उल्लेखित काम कर्तव्य र अधिकार पदाधिकारी तथा सदस्यमा हेरफेर गर्न सक्नेछ ।

☞ निर्वतमान तथा पूर्व अध्यक्षहरु र सल्लाहकारहरुको बैठक राखी सुझाव सल्लाह लिने ।

☞ संस्थापक तथा आजीवन सदस्यहरुको भेला राखी संस्थाको समिक्षा गर्ने ।

ख) उपाध्यक्ष :-

- ☞ अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्दै कार्य सञ्चालन गर्ने ।
- ☞ अध्यक्षको जुनसुकै कार्यमा पनि सहयोग गर्ने ।
- ☞ संस्थामा संस्थागत कार्यक्रमको अनुगमन तथा सदस्यहरुको आचारसंहिता अनुगमन गर्ने ।
- ☞ संस्थाको विधान, नियम, विनियमहरुको कार्यान्वयनको अध्ययन गर्ने ।

ग) महासचिव :-

- ☞ अध्यक्षको सल्लाहमा बैठक वोलाउने ।
- ☞ बैठक सञ्चालन गर्ने र संस्थाका कागजातहरु सुरक्षित राख्ने ।
- ☞ बैठकमा गरेका निर्णयहरुलाई दुरुस्त रुपमा राख्ने र राख्न लगाउने ।
- ☞ अध्यक्षको सल्लाहमा प्रशासनिक तथा आन्तरिक कामको सचिव र सदस्यलाई जिम्मा दिने ।
- ☞ संस्थाका प्रतिवेदनहरु तयार गर्ने ।
- ☞ संस्थाको सचिबालय सञ्चालन गर्ने ।
- ☞ अध्यक्षले तोके अनुसार संस्थागत प्रतिनिधित्व गर्ने ।
- ☞ अध्यक्षको सल्लाहमा संस्थागत बार्षिक कार्यक्रमको क्यालेण्डर तयार गरी कार्यान्वयन गर्ने गराउने ।
- ☞ महासचिवले आफुसँग भएको अधिकार अध्यक्षको सल्लाहमा सचिवलाई प्रत्यायोजन गर्न सक्ने छ ।

घ) कोषाध्यक्ष

- ☞ आर्थिक कारोवारहरुको लेखाजोखा राख्ने ।
- ☞ बार्षिक बजेट तयार गर्ने र स्विकृतका लागि पेश गर्ने
- ☞ कोष वृद्धिकालागि पहल गर्ने ।
- ☞ आय व्ययको लेखा हिसाब सुरक्षित राख्ने ।
- ☞ हिसाव किताव सार्वजिक गर्ने गराउने ।
- ☞ कोष तथा परियोजनाको आय व्ययको लेखाङ्कन गर्ने ।
- ☞ संस्थामा रहेका विभिन्न कोषहरुको परिचालन र व्यवस्थापन गर्ने गराउने ।
- ☞ खप्ने र खर्च भएर जाने सामाग्रीको अभिलेख व्यवस्थापनको सुपरिवेक्षण गर्ने गराउने ।

☞ संस्थागत सेवा सुविधा सम्वन्धी नीति नियमलाई समयानुकुल वनाउन राय पेश गर्ने ।

☞ अध्यक्षले तोके अनुसार संस्थागत प्रतिनिधित्व गर्ने ।

ङ) सचिव :-

☞ महासचिवको अनुपस्थितिमा महासचिवको सम्पूर्ण कार्य गर्ने ।

☞ महासचिवलाई सम्पूर्ण काममा सहयोग गर्ने ।

☞ संस्थाको सदस्यहरुले नेतृत्व गरेका विभाग तथा उपसमितिहरुको इन्चार्ज भै व्यवस्थापन गर्ने ।

☞ संस्थागत अभिलेख राख्ने राख्न लगाउने ।

☞ संस्थागत स्वयंसेवक व्यवस्थापन गर्ने ।

☞ अध्यक्ष र महासिचवले तोके अनुसार संस्थागत प्रतिनिधित्व गर्ने ।

**च) सदस्यहरुको काम, कर्तव्य र अधिकार**

☞ बैठकमा भाग लिने, छलफल गर्ने निर्णय भएका बिषय कार्यान्वयन गर्ने

☞ कार्य समितिको निर्णय वमोजिम आफ्नो जिम्माको काम गर्ने ।

☞ संस्थागत छवि कायम गर्न सदैव क्रियाशिल रहने ।

☞ सामाजिक सेवाको कार्यलाई व्यवस्थापन गर्ने ।

☞ सहसदस्य, स्वयंसेबक परिचालनमा सहजीकरण गर्ने ।

☞ संस्थाले दिएको जिम्मेवारी अनुसार संस्थागत प्रतिनिधित्व गर्ने ।

**आ) पदाधिकारी र कार्य समिति सदस्य वाहेक अन्य सदस्यहरुको काम कर्तव्य र अधिकार**

**क) मानार्थ सदस्यको काम, कर्तव्य र अधिकार**

☞ संस्थाको संस्थागत विकासका लागि राय प्रदान गर्ने ।

☞ संस्थालाई सहि बाटोमा हिड्न समय समयमा सुझाव दिने ।

☞ संस्थागत सम्पर्क समन्वयका लागि सकरात्मक भूमिका निर्वाह गर्ने ।

**ख) संस्थापक तथा आजीवन सदस्यको काम, कर्तव्य र अधिकार**

☞ संस्थाको साधारण सभा, अधिवेशन र भेलामा सहभागी भै सहयोग गर्ने

☞ संस्थाको परिकल्पना, ध्येय, लक्ष्य तथा उद्देश्य अनुसार सञ्चालन भए नभएको समिक्षा गरी कार्य समितिलाई ध्यानाकर्षण गर्ने ।
☞ कार्य समितिको उमेदवार हुन र चयनमा सहभागी हुने ।
☞ संस्थाका प्रतिवेदनहरुको अध्ययन, विश्लेषण गरी सुझाव दिने र पारित गर्ने ।
☞ संस्थाको संस्थागत विकासका लागि सदैव क्रियाशिल हुने ।
☞ संस्थाले दिएका अन्य जिम्मेवारी पुरा गर्ने ।

**ग) साधारण सदस्यको काम, कर्तव्य र अधिकार**

☞ संस्थाको साधारण सभा, अधिवेशन र भेलामा सहभागी भै सहयोग गर्ने
☞ कार्य समितिको उमेदवार हुन र चयनमा सहभागी हुने ।
☞ संस्थाका प्रतिवेदनहरुको अध्ययन, विश्लेषण गरी पारित गर्ने ।
☞ संस्थाको संस्थागत विकासका लागि सदैव क्रियाशिल हुने ।
☞ नेतृत्व विकास र क्षमता विकासमा जोड दिने ।
☞ संस्थाले दिएका अन्य जिम्मेवारी पुरा गर्ने ।

**घ) सह सदस्यको काम, कर्तव्य र अधिकार**

☞ संस्थाको स्वयंसेवकको रुपमा कार्य गर्ने ।
☞ संस्थाको साधारण सभा र भेलामा आमन्त्रित सदस्यको रुपमा सहभागी भै सहयोग गर्ने
☞ नेतृत्व विकास र क्षमता विकासमा जोड दिने ।
☞ सामाजिक सेवा, स्वयंसेवा र परोपकारी काममा सहभागी हुने
☞ संस्थाको आधार सदस्यको रुपमा विकास गर्ने
☞ बाल अधिकार र संरक्षणको क्षेत्रमा क्रियाशिल हुने ।
☞ गुणस्तरीय शिक्षा, सीप विकास र सकरात्मक सोचखोजलाई समय दिने ।

## परिच्छेद ६

**२२. आर्थिक श्रोतः-**

क) सदस्यता शुल्क
ख) संस्थाको विविध क्रियाकलापवाट प्राप्त हुन आउने रकम ।
ग) कुनै पनि व्यक्ति वा निकायले दान स्वरुप दिएको सम्पत्ती ।

घ) स्वाबलम्वन कोष स्थापना र परिचालनवाट प्राप्त रकम ।

(स्वावलम्वन कोषको व्यवस्थापन र सञ्चालन स्वावलम्वन कोष विनियमावली अनुसार हुनेछ)

ङ) दातृ संस्था निकाय बाट प्राप्त रकम ।

(वैदेशिक सहयोग प्राप्त गर्नु पुर्व नेपाल सरकारको स्वीकृती लिनु पर्ने छ)

च) कल्याणकोष व्यवस्थापन, कट्टी र परिचालनवाट प्राप्त रकम

(कल्याण कोषको व्यवस्थापन कल्याण कोष नियमावली अनुसार हुनेछ)

छ) संस्थाको चल अचल सम्पती वा अन्य वस्तु विक्रिवाट प्राप्त हुने रकम ।

ज) स्थानीय निकायवाट प्राप्त अनुदान वा सहयोग रकम ।

झ) नेपाल सरकारवाट प्राप्त अनुदान रकम ।

ञ) वैंकवाट प्राप्त हुने व्याज रकम ।

ट) संस्थाले आयआर्जन परियोजना सञ्चालन गरी प्राप्त गरेको रकम ।

ठ) संस्थाले मानवीय तथा भौतिक स्रोत साधनको सेवा दिए वापत प्राप्त रकम ।

संस्था र संस्थाद्वारा सञ्चालित कार्यक्रमहरुको दिगोपनाका लागि आत्मनिर्भर र स्वावलम्वनमा जोड दिने खालका कोषहरु प्रवर्द्धन गरी दिगो आम्दानीको श्रोत पहिचान तथा परिचालन गरिने छ ।

**२३. चल, अचल सम्पत्ती :-**

परिच्छेद ६ को दफा २२ वमोजिम उल्लेखित रकम नै यस संस्थाको सम्पत्ती हुनेछ ।

**२४. संस्थाको कोष र खाता सञ्चालन :-**

यस संस्थाको छुट्टै कोष रहने छ । जसमा परिच्छेद ६ को दफा २२ मा उल्लेखित रकमहरु रहने छन् । उक्त कोष संस्थाको अध्यक्ष, महासचिव र कोषाध्यक्ष मध्ये संस्थाको कार्य समितिको निर्णय बमोजिम २ देखि ३ जना सम्मको संयुक्त दस्तखतमा कार्य समितिले तोकेको वैंकमा खाता सञ्चालन हुनेछ । आवश्यकताका आधारमा छुट्टा छुट्टै परियोजना, समिति एंव कोषको छुट्टाछुट्टै वैंक खाता कार्य समितिले निर्णय गरे वमोजिम कार्य समितिका पदाधिारी वा समिति तथा कोषका पदाधिकारी वा कर्मचारी मध्ये २ देखि ३ जना सम्मको संयुक्त दस्तखतमा कार्य समितिले तोकेको बैंकमा खाता सञ्चालन हुनेछ ।

२५. **कोषको रकम खर्च गर्ने तरिका :**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय वमोजिमको तरिका अपनाई खर्च गरिने छ ।

क) संस्थाको बार्षिक बजेट, योजना र स्विकृत कार्यक्रमको आधारमा कोषवाट खर्च गरिने छ ।

ख) साधारण सभावाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषवाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषवाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपमा पेश गरी अनुमोदन गराउनु पर्ने छ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए वमोजिम खर्च गर्नु पर्नेछ ।

ङ) साधारण सभा पछि कुनै परियोजना स्विकृत भएमा कार्य समितिको बैठकमा छलफल गरी पुरक बजेटको रुपमा परियोजनामा संझौता भए अनुसार खर्च गरी त्यस पछिको साधारण सभावाट अनुमोदन गराउनु पर्ने छ ।

च) कार्यालयवाट नियमित खर्च गर्दा अध्यक्ष वा तोकिएका पदाधिकारी/कार्यकारी निर्देशक/कार्यक्रम व्यवस्थापक/कार्यालय प्रमुख/विभागीय प्रमुखवाट स्विकृत लिई खर्च गर्नु पर्नेछ । खर्च भएको रकम कार्य समिति बैठकमा अनुमोदन गराउनु पर्ने छ ।

२६. **लेखा परिक्षण :-**

नेपालको कानून अनुसार मान्यता प्राप्त संस्थावाट लाईसेन्स प्राप्त लेखा परिक्षकवाट कोषको अन्तिम लेखापरिक्षण गराउनु पर्ने छ । सो को हिसाव विवरण लेखा परिक्षणको प्रतिवेदन प्रत्येक वर्ष दर्ता तथा नविकरण भएको कार्यालय, मुख्य कार्यालय रहेको स्थानीय तह, समाज कल्याण परिषद, सरोकारवाला निकायमा पेश गरिने छ ।

**आवश्यकता अनुसार निम्नानुसारका लेखा परिक्षण गर्न सकिने छ ।**

क) आन्तिरिक लेखा परिक्षण, सामाजिक लेखा परिक्षण, जनलेखा परिक्षण, पत्रकार सम्मेलन, प्रकाशन र सार्वजनिक शुनुवाई ।

ख) साधारण सभामा आर्थिक प्रतिवेदन प्रस्तुत तथा पारित गरेर सार्वजनिकिकरण र आर्थिक पारदर्शिता कायम गरिने छ ।

२७. **कर्मचारी सम्वन्धी व्यवस्था :**

दैनिक कार्य सञ्चालन तथा फिल्ड स्तरमा कार्यक्रम सञ्चालन गर्न कर्मचारी व्यवस्थापन गरिने छ । कर्मचारी नियुक्ति, व्यवस्थापन, सञ्चालन र सेवा सुविधा कर्मचारी नियमावली तथा कार्य समिति, सचिवालय र कार्यक्रम व्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ ।

२८. **पदाधिकारी, सदस्य तथा स्वयंसेवकको सेवा सुविधा :**

संस्थाको कार्य समितिका पदाधिकारी, सदस्य तथा स्वयंसेवकहरुले कार्यक्रममा संलग्न हुंदाका वखत दैनिक भ्रमण भत्ता, यातायात, सञ्चार खर्च, मासिक नियमित रुपमा कार्य गर्ने गरी खटाएमा मासिक भत्ता लिन सक्ने छन ।

नियमित रुपमा संस्थामा काम गर्ने स्वयं सेवक, पदाधिकारी, सदस्य तथा कर्मचारीहरुको लागि दुर्घटना वीमा, कल्याण कोषको व्यवस्थापन गरी सेवा सुविधा प्रदान गर्न सकिने छ । यी सेवा सुविधा उपलव्ध गराउनको लागि कार्य समितिले निर्णय गरी नीति नियम तर्जुमा गरी सो को आधारमा सञ्चालन गरिने छ ।

## परिच्छेद ७

२९. **निर्वाचन सम्वन्धी व्यवस्था :-**

कार्य समिती गठन गर्दा साधारण सभाबाट सर्वसम्मत रुपमा नभएमा निर्वाचनको व्यवस्था गरिने छ । कार्य समितिले निर्वाचन निर्देशिका वमोजिम निर्वाचन समिति गठन गरि जिम्मेवारी दिने छ । कार्य समितिको निर्वाचन गोप्य मतदानद्वारा हुनेछ । पदाधिकारी तथा सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ, पदावधि समाप्त हुनु अगावै निर्वाचन गराई सक्नु पर्नेछ । विशेष परिस्थितिमा वढिमा ६ महिना समयावधि थप गर्न सकिनेछ ।

३०. **उम्मेदवारको अयोग्यता :-**

- संस्थापक, आजीवन र साधारण सदस्यता प्राप्त नगरेको ।
- विधानको दफा ८ वमोजिम योग्यता नभएको ।
- संस्थाको कार्यको लागी दिइएको पेश्की तथा अन्य तिर्न वाँकी रकम चुक्ता नगरेको

☞ संस्थामा आँच आउने खालको काम गरेको यस्ता व्यक्ति कार्य समितिको सदस्य वन्नको लागि अयोग्य ठहरिने छ ।

## परिच्छेद ८

### ३१. सम्झौता गर्न सक्ने :-

संस्थाले आफ्नो उद्देश्य अनुरुपको कार्य गर्न संघीय, प्रदेश तथा स्थानीय सरकार, सरकार अन्तर्गतका विभिन्न कार्यालयहरु, गैरसरकारी संस्था एवं विकास साझेदारहरुसँग सम्झौता गरेर कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

### ३२. विधानको व्यख्या:-

यस विधानको व्यख्या गर्ने निहित अधिकार साधारण सभालाई हुनेछ ।

### ३३. पुनरावेदन :-

कार्य समितिले निष्कासन गरेको सदस्यले चित्त नवुझेको कुरामा साधारण सभामा पुनरावेदन गर्न सक्नेछ ।

### ३४. मुद्दा :-

संस्थाले आफ्नो कार्य गर्दा संस्थाको विरुद्ध कसैले मुद्दा मामिला गरेमा मुद्दाको प्रतिनिधित्व अध्यक्षले गर्नेछ । अध्यक्षको समय अनुकुल नमिलेमा अध्यक्षले तोकेको पदाधिकारी, सदस्य एवं प्रतिनिधिले प्रतिनिधित्व गर्ने छ । सो मुद्दामा भएको खर्च संस्थाले व्यहोर्ने छ ।

### ३५. अविश्वासको प्रस्ताव :-

कार्य समितिको कुनै पनि सदस्यले संस्थाको हित विपरित कार्य गरेमा अविश्वासको प्रस्ताव ल्याउन सकिने छ । सो साधारण सभाको दुई तिहाई सदस्यको वहुमतवाट पारित भएमा अविश्वासको प्रस्ताव पास भएको मानिने छ । अविश्वासको प्रस्तावबाट हटाइने व्यक्तिलाई सफाईको मौका दिइने छ ।

### ३६. नियम वनाउने :-

आवश्यक परेमा कार्य समितिले विधान र संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको ऐन कानुनको परिधि भित्र रहि नियमावली, विनियम,

निर्देशिका, कार्यविधि बनाई लागु गर्न सक्ने छ । आयोजना, परियोजना तथा कार्यक्रम सञ्चालन गर्दा विकास साझेदार, अन्तराष्ट्रिय गैरसरकारी संस्था, सरकारसंगको ऐन, नियमावली, कानून यस विधान र यस विधान अन्तर्गत वनेका नियमावली, विनियमावली, कार्यविधि, निर्देशिका र नियमहरुसँग वाझिएमा दुवै पक्ष छलफल गरी कार्यक्रम व्यवस्थापन समितिको सिफारिसमा कार्य समितिको बैठकले तय गरेको नियम लागु हुनेछ ।

**३७. विघटन :-**

संस्थाको विधान वमोजिम कार्य गर्न नसकि वा अन्य कुनै कारणवस संस्था विघटन भएमा संस्थाको सम्पुर्ण जायजेथा प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

**३८. आचार संहिता :**

संस्थाका पदाधिकारी, सदस्य, कर्मचारी एंव स्वयंसेवक हरुले संस्थाको आचार संहिता पालना गर्नु पर्ने छ ।

**३९. गोप्यता भंग गर्न नहुने :**

यस संस्थाका कुनै पनि पदाधिकारी, सदस्य, कर्मचारी र स्वयंसेवकले संस्थाको अहित हुने कार्य गर्न नहुने । संस्थाका पदाधिकारी तथा संस्थाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शव्दको प्रयोग गर्न पाईने छैन ।

**४०. विधान संशोधन :-**

यस संस्थाको विधान संशोधन गर्नु परेमा साधारण सभामा प्रस्ताव राखी साधारण सभाको दुई तिहाई सदस्यको वहुमतद्वारा संशोधन गर्न सकिने छ र स्थानिय अधिकारीद्वारा स्वीकृत गरेमा लागु गरिनेछ ।

**४१. अविछिन्न हुने :-**

समाज कल्याण युवा क्लवको नामबाट सम्पन्न सम्झौताहरु सम्पादित क्रियाकलापहरु एवं उक्त क्लवको नाममा भएको सम्पूर्ण चल अचल सम्पत्ती संस्थाको नाम संसोधन भै समाज कल्याण श्रोत विकाश केन्द्र (सोडेक नेपाल) को नाममा नामसारी भै कामकाज हुँदै आएको छ यो निरन्तरता हुनेछ ।

अनुसूचि- १

# कार्य समितिका पदाधिकारी तथा सदस्यले लिनु पर्ने शपथ

अध्यक्षले निर्वाचन समितिका संयोजक समक्ष र अन्य पदाधिकारी तथा सदस्यले अध्यक्ष समक्ष सफत लिनेछन ।

"समाज कल्याण श्रोत विकास केन्द्र सोडेक नेपालको .......... म ........................... ले निर्वाचन समिति संयोजक/अध्यक्ष समक्ष यो प्रतिज्ञा गर्दछु । मेरो सामर्थ्यले भ्याए सम्म समितिको अध्यक्ष/उपाध्यक्ष/महासचिव/कोषाध्यक्ष/सचिव/कार्य समितिको सदस्यका नाताले संस्थाको सवै काम तथा बैठकहरुमा नियमित रुपले भाग लिने छु । राष्ट्र, समुदाय, नेपाली नागरिकको सर्वोपरि हित र संस्थाको संस्थागत विकासका लागि इमान्दारी, जवाफदेहि, पारदर्शी एवं पवित्र हृदयले पक्षपात रहित तरिकावाट संस्थामा निर्णय लिई कार्य गर्ने छु ।"

..................................

अनुसूचि-२

समाज कल्याण श्रोत विकास केन्द्र (सोडेक नेपाल) को सांगठनिक संरचना

## संस्थागत संरचना



# अनुसूचि-३

## समाज कल्याण श्रोत विकास केन्द्र (सोडेक नेपाल) को छाप तथा लोगो

सहभागिता, सचेतिकरण, सहकारिता, संगठन, साझेदारी, समावेशी, सञ्जालिकरण, शसक्तिकरण, समानता, समन्याय, सुशासन, स्वावलम्वन र समृद्धि अंकित १३ वटा हातहरु एक आपसमा जोडिएको । वृताकार भित्र समाज कल्याण श्रोत विकास केन्द्र, विचमा प्रकृती, प्राणी र प्रगतीलाई सांकेतिक रुपमा देखाइएका ३ वटा रिङ्गको तल संस्थाको स्थापना वर्ष २०५३ र स्ट्याण्डमा सोडेक-नेपाल लेखिएको छाप तथा लोगोको नमुना यस प्रकार हुनेछ ।

संस्थाको छाप नेपाली तथा अंग्रेजीमा प्रयोग गर्न सकिने छ । लोगो रंगिन रुपमा समेत तयार गरी प्रयोग हुन सक्ने छ ।

अनुसूचि-४

समाज कल्याण श्रोत विकास केन्द्र (सोडेक नेपाल)

संस्थापक सदस्यहरुको विवरण

| क्र.स | सदस्यको नाम | पिताको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | मेघराज शर्मा | खडानन्द रिजाल | ठानामौला, ९ | संस्थापक संयोजक |
| २ | देवीप्रसाद तिमिल्सिना | आनन्द प्र तिमिल्सिना | ठानामौला, ९ | संस्थापक सचिव |
| ३ | कालु कुमार वि.क. | गोपाल वि.क. | ठानामौला, ९ | संस्थापक सहसंयोजक |
| ४ | प्रेमबहादुर वि.क. | दलसिंग वि.क. | ठानामौला, ९ | संस्थापक सहसचिव |
| ५ | कोपिला कुमारी रिजाल | जिवनारायण रिजाल | ठानामौला, ९ | संस्थापक कोषाध्यक्ष |
| ६ | बत्ति वि.क. | रत्न बहादर वि.क. | ठानामौला, ९ | संस्थापक तदर्थ समिति सदस्य |
| ७ | पदम बहादुर वि.क. | माधव वि.क. | ठानामौला, ९ | संस्थापक तदर्थ समिति सदस्य |
| ८ | थान बहादुर वि.क. | गोपाल वि.क. | ठानामौला, ९ | संस्थापक तदर्थ समिति सदस्य |
| ९ | राजकुमार वि.क. | मन बहादुर वि.क | ठानामौला, ९ | संस्थापक तदर्थ समिति सदस्य |
| १० | जमुना कुमारी रिजाल | जिवनारायण रिजाल | ठानामौला, ९ | संस्थापक सदस्य |
| ११ | सिता कुमारी सुवेदी | रविदत्त सुवेदी | ठानामौला ९ | संस्थापक सदस्य |
| १२ | माया कुमारी रिजाल | खडानन्द पंगाली | ठानामौला ९ | संस्थापक सदस्य |
| १३ | डिल वहादुर वि.क. | जित वहादुर वि.क. | ठानामौला ९ | संस्थापक सदस्य |
| १४ | भिम वहादुर वि.क. | | फलामखानी पर्वत | संस्थापक सदस्य |
| १५ | कमला कुमारी रिजाल | रोशनलाल पंगाली | ठानामौला ९ | संस्थापक सदस्य |
| १६ | प्रेम कुमार वि.क. | मन वहादुर वि.क. | ठानामौला ९ | संस्थापक सदस्य |
| १७ | नवराज रिजाल | फणिनारायण रिजाल | ठानामौला ९ | संस्था दर्ताको समिति सचिव |
| १८ | गिरीधारी रिजाल | निल कुमार रिजाल | ठानामौला ९ | संस्था दर्ताको समिति सहसचिव |
| १९ | राधाकृष्ण रिजाल | जयलाल पंगाली | ठानामौला ९ | संस्था दर्ताको समिति कोषाध्यक्ष |
| २० | ईन्दिरा कुमारी अधिकारी | दुर्गादत्त अधिकारी | ठानामौला ९ | संस्था दर्ताको समिति सदस्य |
| २१ | गंशराज अधिकारी | दुर्गादत्त अधिकारी | ठानामौला ९ | संस्था दर्ताको समिति सदस्य |
| २२ | टंक प्रसाद भुसाल | शशिधर भुसाल | ठानामौला ९ | संस्था दर्ताको समिति सदस्य |
| २३ | यम वहादुर जि.सि. | मनविर घर्ति | ठानामौला ९ | संस्था दर्ताको समिति सदस्य |
| २४ | यम वहादुर वि.क. | भद्र वहादुर वि.क. | ठानामौला ९ | संस्था दर्ताको समिति सदस्य |

# अनुसूचि ५

क) तत्कालिन समाज कल्याण युवा क्लबका संस्थापक तदर्थ समिति

| क.स | सदस्यको नाम | पिताको नाम | ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेघराज शर्मा | खडानन्द रिजाल | ठानामौला, ९ | संयोजक | |
| २ | कालु कुमार वि.क. | गोपाल वि.क. | ठानामौला, ९ | उपसंयोजक | |
| ३ | देवीप्रसाद तिमिल्सिना | आनन्द प्र तिमिल्सिना | ठानामौला, ९ | सचिव | |
| ४ | प्रेमबहादुर वि.क. | दलसिंग वि.क. | ठानामौला, ९ | सहसचिव | |
| ५ | कोपिला रिजाल | जिवनारायण रिजाल | ठानामौला, ९ | कोषाध्यक्ष | |
| ६ | वत्ति वि.क. | रन बहादर वि.क. | ठानामौला, ९ | सदस्य | |
| ७ | पदम बहादर वि.क. | माधव वि.क. | ठानामौला, ९ | सदस्य | |
| ८ | थान बहादुर वि.क. | गोपाल वि.क. | ठानामौला, ९ | सदस्य | |
| ९ | माया कुमारी रिजाल | खडानन्द पंगाली | ठानामौला, ९ | सदस्य | |
| १० | राजकुमार वि.क. | मन बहादुर वि.क | ठानामौला, ९ | सदस्य | |

**ख) जिल्ला प्रशासन कार्यालयमा २०५३/११/३० संस्था दर्ता गर्ने संस्थापक कार्य समिति**

| क.स | पद | नाम | पिताको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | देवीप्रसाद तिमिल्सिना | आनन्द प्र.तिमिल्सिना | ठानामौला ९ | |
| २ | उपाध्यक्ष | कालु कुमार वि.क. | गोपाल वि.क. | ठानामौला ९ | |
| ३ | सचिव | नवराज रिजाल | फणिनारायण रिजाल | ठानामौला ९ | |
| ४ | सहसचिव | गिरीधारी रिजाल | निल कुमार रिजाल | ठानामौला ९ | |
| ५ | कोषाध्यक्ष | राधाकृष्ण रिजाल | जयलाल पंगाली | ठानामौला ९ | |
| ६ | सदस्य | प्रेमवहादुर वि.क. | दलसिंह सुनार | ठानामौला ९ | |
| ७ | सदस्य | कोपिला कुमारी रिजाल | जिवनारायण रिजाल | ठानामौला ९ | |
| ८ | सदस्य | ईन्दिरा कुमारी अधिकारी | दुर्गादत्त अधिकारी | ठानामौला ९ | |
| ९ | सदस्य | थान वहादुर वि.क. | गोपाल वि.क. | ठानामौला ९ | |
| १० | सदस्य | गेशराज अधिकारी | दुर्गादत्त अधिकारी | ठानामौला ९ | |
| ११ | सदस्य | टंक प्रसाद भुसाल | शशिधर भुसाल | ठानामौला ९ | |
| १२ | सदस्य | यम वहादुर जि.सि. | मनविर घर्ति | ठानामौला ९ | |
| १३ | सदस्य | यम वहादुर वि.क. | भद्र वहादुर वि.क. | ठानामौला ९ | |

(समाप्त)